नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# सुनसरी भन्सार कार्यालय

सेतुबन्ध, सुनसरी

मितिः- २०८३।०३।०९

विषयः- लिलाम बढावढ सम्बन्धी १५ (पन्ध्र) दिने सार्बजनिक सूचना।

बिभिन्न निकायहरुको प्रतिवेदनले बादी नेपाल सरकार प्रतिवादी वारिसे/वेवारिसे भएको तपसीलमा उल्लेखित भन्सार चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दाखिला हुन आएको तपसीलमा उल्लेखित एकमुष्ट जम्मा मूल्य **रु.५४,५०४।००** (**अक्षेरेपी रु. चौवन्न हजार पाँच सय चार मात्र।**) को वस्तु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मिति **२०८३।०३।२३ गते मंगलवारका** दिन दिनको १३:०० बजेदेखि १५:०० बजेसम्म खुल्ला बोलकबोल प्रकृया अनुसार यस कार्यालयको मुद्दा शाखाबाट लिलाम बिक्री गरिने भएकाले ईच्छुक सबै फर्म, कम्पनी तथा संस्थालाई लिलामी प्रकृयामा सहभागी हुन भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली २०८३ को नियम ८५(२) वमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। डांक कबोल गर्नेले कबोल गर्नु अगावै लिलामी रकमको दश प्रतिशत हुने रकम धरौटी वापत दाखिला गर्नुपर्नेछ । लिलाम स्विकृत भएको वस्तु ७ (सात) दिनभित्र लाग्ने सम्पूर्ण कर तथा महशुल दाखिला गरी वस्तु उठाई लैजानु पर्नेछ। लिलाम स्विकृत भएका बोलकबोलकर्ताले वस्नु उठाई नलगेमा निजको धरौटी रकम जफत गरी क्रमशः दोस्रो, तेस्रो र चौथो बोलकबोलकर्ताले बोलकबोल अङ्क स्विकृत गर्न सकिनेछ। लिलाम बिक्री हुने वस्नु हेर्न चाहनेले कार्यालयको समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी हेर्न सक्नेछ। लिलाम स्विकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

तपसिल

| सि.नं. | मुद्दा नं./मिति | प्रतिवेदक निकाय | वस्तुको विवरण/चिनीको परिमाण किलोमा | | प्रतिवेदन मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५६५/२०८३.०३.०५ | स.प्र.व.नेपाल, नं. ४ गण हेड क्वाटर, सुनसरी। | बोरा र पोका | ५५० | ३८५००.०० | |
| २ | ५६७/२०८३.०३.०८ | इलाका प्रहरी कार्यालय, देवानगञ्ज, सुनसरी। | ३ बोरा | १३७ | ८९०५.०० | |
| ३ | ५७०/२०८३.०३.०८ | स.प्र.व.नेपाल, वि.ओ.पि. साहेवगञ्ज, सुनसरी। | २ बोरा | १०० | ७०००.०० | |
| | | जम्मा :- | | ७८७ | ५४४०५.०० | |